# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

## Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited

(A class 'D' Financial Institution Licensed by Nepal Rastra Bank)
(Nirdhan is the only one MFI in Nepal that has presence in all 77 Districts of Nepal)
Naxal, Kathmandu, Nepal
Phone no.: 01-4413711, Email: info@nirdhan.com.np

# Unaudited Financial Results (Quarterly)

**As at the end of Fourth Quarter (32/03/2075) of the fiscal year 2074/075 (2017/2018)**

Rs. In '000'

| S.n. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities** | 18,466,981 | 17,169,144 | 15,734,345 |
| 1.1 | Paid up Capital | 1,000,000 | 1,000,000 | 600,000 |
| 1.2 | Reserve and Surplus | 1,250,965 | 1,082,350 | 1,223,712 |
| 1.3 | Borrowings | 6,640,215 | 6,299,689 | 6,837,941 |
| 1.4 | Deposits | 8,570,242 | 7,888,199 | 6,230,408 |
| 1.5 | Income Tax Laibility | 239,674 | 171,065 | 250,033 |
| 1.6 | Other Liabilities | 765,884 | 727,840 | 592,252 |
| 2 | **Total Assets** | 18,466,981 | 17,169,144 | 15,734,345 |
| 2.1 | Cash and Bank Balance | 271,077 | 250,894 | 241,098 |
| 2.2 | Money at Call and Short Notice | 1,304,876 | 608,036 | 1,455,831 |
| 2.3 | Investments | 249,191 | 449,191 | 582,914 |
| 2.4 | Loan and Advances | 15,451,997 | 14,783,074 | 12,328,428 |
| 2.5 | Fixed Assets | 183,096 | 188,823 | 196,636 |
| 2.6 | Other Assets | 1,006,743 | 889,126 | 929,438 |
| 3 | **Profit and Loss Account** | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
| 3.1 | Interest Income | 2,523,535 | 1,831,364 | 2,208,872 |
| 3.2 | Interest Expenses | 1,218,870 | 884,834 | 789,601 |
| | **A. Net Interest Income** | **1,304,665** | **946,530** | **1,419,271** |
| 3.3 | Fees, Commission and Discount | 24,829 | 18,331 | 15,687 |
| 3.4 | Other Operating Income | 231,826 | 171,300 | 198,163 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | (621) |
| | **B. Total Operating Income** | **1,561,320** | **1,136,162** | **1,632,499** |
| 3.6 | Staff Expenses | 557,400 | 427,829 | 597,272 |
| 3.7 | Other Operating Expenses | 109,186 | 75,550 | 112,531 |
| | **C. Operating Profit Before Provision** | **894,734** | **632,782** | **922,697** |
| 3.8 | Provision for Possible Losses | 85,060 | 61,415 | 24,160 |
| | **D. Operating Profit** | **809,674** | **571,367** | **898,537** |
| 3.9 | Non Operating Income/ Expenses (Net) | 66,629 | 54,676 | 15,745 |
| 3.10 | write Back of Provision for Possible Loss | - | - | - |
| | **E. Profit From Regular Activities** | **876,303** | **626,044** | **914,282** |
| 3.11 | Extraordinary Income/ Expenses (Net) | 2,500 | 1,194 | 2,505 |
| | **F. Profit before Bonus and Taxes** | **878,803** | **627,238** | **916,788** |
| 3.12 | Provision for Staff Bonus | 79,891 | 57,022 | 83,344 |
| 3.13 | Provision for Tax | 239,674 | 171,065 | 250,033 |
| | **G. Net Profit/ Loss** | **559,238** | **399,151** | **583,410** |
| 4 | **Ratios** | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
| 4.1 | Capital Fund to RWA | 12.56% | 12.13% | 12.80% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 0.92% | 0.83% | 0.31% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 162% | 170% | 382% |
| 4.4 | Cost of Funds | 8.35% | 8.45% | 9.07% |
| 4.5 | Credit to Deposit Ratio | 180% | 187% | 198% |

**Note:** The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.

| ब्याजदर | |
|---|---|
| बचत तथा निक्षेपमा ७ देखि १०.५० प्रतिशत सम्म | कर्जा सेवामा १० देखि १८ प्रतिशत सम्म |

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसुची १४

(नियम २६ को उपनियम (१) संग सम्बन्धित)

# आ.ब. २०७४/०७५ को चौथौ त्रैमासिक अबधिको बिबरण

**१. वित्तीय विवरण :**

**क) त्रैमासिक अवधीको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।**

**ख) प्रमुख बित्तीय अनुपातहरू**

| प्रति शेयर आम्दानी | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | कुल सम्पत्तिमा प्रतिफल | तरलता अनुपात |
|---|---|---|---|---|
| ५५.९२ | १८.३१ | २२५.१० | ३.१६% | १३.९९% |

**२. व्यवस्थापकिय बिश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कूनै परिवर्तन भएको भए सोको प्रमूख कारण सम्बन्धी विवरण:** कारोबारको बृद्धि संगै संस्थाको मौज्दात, आम्दानी तथा तरलतामा सन्तोषजनक रुपमा बृद्धि भएको छ ।

ख) **आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण:** यस वित्तीय संस्थाले देशका सम्पुर्ण ७७ वटा जिल्लामा १७९ शाखा कार्यालय मार्फत सेवा प्रदान गर्दै आईरहेको छ । नयाँ क्षेत्रमा कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका गाँउपालिका तथा नगरपालिकालाई प्राथमिकतामा राखिएको छ । यस त्रैमासको अन्त सम्ममा यस वित्तीय संस्थाले कुल ३,१६,८०५ बिपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ । संस्थालाई आवश्यक वित्तीय श्रोतको परनिरर्भरता कमगर्नका लागि सर्वसाधारण र सदस्यहरूबाट बचत परिचालनमा जोड दिदै आएको छ । बचत परिचालनका लागि संस्थाले प्रदान गर्ने बचतका सेवाहरू, ब्याजदर र शाखा संजालका बारेमा प्रचार प्रसार गर्ने कार्य भैरहेको छ । ग्राहक सदस्यहरूको उद्यमशीलता विकास गर्न अन्य संघ संस्थाहरूसंग समन्वय गरी ब्याबसायिक शिप विकास तालिम प्रदान गर्ने कार्य निरन्तररुपमा भैरहेको छ । कर्मचारीको क्षमतामा अभिबृद्धि गरी कार्यकुशलतामा अभिबृद्धि गर्न, उत्पादकत्व बृद्धि गर्न, गहन रुपमा अनुगमन तथा सुपरीवेक्षण गर्न, कर्मचारीलाई आबश्यक तालिम तथा अर्न्तक्रियामा सहभागी गराई सेवाको बिस्तार र गुणस्तर बृद्धिमा जोड दिइएको छ ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:** बैंक तथा वित्तीय संस्थाबाट लिएको सापटिको ब्याजदरमा भएको बृद्धि, लघुवित्त संस्थाहरूमा देखिएको कर्जाको दोहोरोपनाले ग्राहकको क्षमता भन्दा बढी कर्जा लगानी र यसको सदुपयोगिता आदि कारणले संस्थालाई असर पर्न सक्छ, तथापि संस्था र संस्थाले प्रदान गर्ने सेवा प्रति बिश्वस्त ग्राहक र संस्थाले तय गरेको कुशल नीतिका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क) यस अवधीमा संस्थाले कसैको बिरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको बिरुद्धमा मुद्धा दायर भएको कुनै सुचना प्राप्त भएको छैन ।

ख) संस्थाका संस्थापक वा संचालकले संस्थापक वा संचालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्धा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको बिश्लेषण :**

क) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट जारी बर्तमान नीतिहरू, हालको राजनैतिक, आर्थिक अवस्थाका कारण धितोपत्र बजारलाई असर पारी बजारमा सामान्य उतारचढाव भएतापनि यस बैंकको शेयर कारोबार संन्तोषजनक नै रहेको छ ।

ख) स्टक एक्सचेन्ज लिमिटेडको बेभसाइट www.nepalstock.com अनुसार गत त्रैमासिक अबधीमा यस बैंकको शेयरको कारोबार तिम्नानुसारले भएको देखिन्छ

| अधिक्तम मूल्य | .न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| १३७९ | ९८० | १०२४ | ६३ | ९६२ |

**५. समस्या तथा चुनौती :**

क) दुर्गम क्षेत्रमा सेवा बिस्तार गरि थप बिपन्न परिवारमा सेवा प्रवाह गर्न चुनौती ।

ख) नबिनतम प्रबिधिको प्रयोग गर्दा दुर्गम क्षेत्रमा Connectivity को समस्या ।

ग) लघुबित्त संस्थाहरू थपिने र शाखा बिस्तारको क्रम जारि रहेकोले सदस्यको दोहोरोपना बाट हुने समस्या ।

घ) दक्ष जनशक्तिको बहिर्गमन बाट हुने समस्या ।

**६. संस्थागत सुशासन:**

नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरू: कम्पनी ऐन २०७३, बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ । संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, बित्तीय सेवा निर्देशिका, आन्तरिक लेखापरिक्षण निर्देशिका, ब्यबस्थापन सुचना प्रणाली नीति, सम्पत्ति दायित्व ब्यबस्थापन नीति, लगानी नीति लगायतका नीति, नियम, निर्देशिकाहरू बनाई पालना गरिएको छ । त्यसै गरी लेखापरिक्षण समिति, जोखिम ब्यबस्थापन समिति, कर्मचारी सेवा सुबिधा समिति र सम्पत्ती सुद्धिकरण अनुगमन समिति गठन गरी कार्यान्वयनमा ल्याइएको छ ।

**७. सत्य. तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उदघोषण:**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्‌घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।